# लोहारपट्टी नगरपालिकाको
# चौथो नगरसभा बैठकबाट पारित

# बार्षिक नगर बिकास योजना
# (२०७७/०७८)

# लोहारपट्टी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लोहारपट्टी, महोत्तरी

# लोहारपट्टी नगरपालिकाको चौथो नगर सभा बैठकः

मिति : २०७७।०३।१० गते

समय : बिहान : ११:०० बजे

स्थान : नगर कार्यपालिकाको कार्यालय लोहारपट्टी, महोत्तरी ।

बैठक : चौथो नगर सभाको **पहिलो** बैठक

अध्यक्षता : श्री शैलेन्द्र कुमार यादव प्रमुख

## उपस्थिति विवरण

| सि.नं. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शैलेन्द्र कुमार यादव | |
| २ | उपप्रमुख | श्री सरिता शर्मा | |
| ३ | वडा अध्यक्ष | श्री राजिशरण यादव | |
| ४ | वडा अध्यक्ष | श्री रामएकवाल दास | |
| ५ | वडा अध्यक्ष | श्री रामशरण यादव | |
| ६ | वडा अध्यक्ष | श्री जितेन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष | श्री शेष निसरूद्दिन | |
| ८ | वडा अध्यक्ष | श्री पंकज साह | |
| ९ | वडा अध्यक्ष | श्री गणेश ठाकुर | |
| १० | वडा अध्यक्ष | श्री रामबाबु यादव | |
| ११ | वडा अध्यक्ष | श्री जामुना यादव | |
| १२ | का.पा.सदस्य | श्री बसन्त चौधरी | |
| १३ | का.पा.सदस्य | श्री प्रमोद कुमार सिंह | |
| १४ | का.पा.सदस्य | श्री रामहृदय ठाकुर | |
| १५ | का.पा.सदस्य | श्री किरण यादव | |
| १६ | का.पा.सदस्य | श्री संयोगिया देवी | |
| १७ | का.पा.सदस्य | श्री उर्मिला देवी महरा | |
| १८ | का.पा.सदस्य | श्री कुमारी देवी | |
| १९ | का.पा.सदस्य | श्री पवन देवी | |
| २० | महिला सदस्य | श्री सरिता यादव | |
| २१ | महिला सदस्य | श्री राम दुलारी देवी | |
| २२ | महिला सदस्य | श्री उर्मिला देवी | |
| २३ | महिला सदस्य | श्री हेमा देवी | |

| | | | |
|---|---|---|---|
| २४ | द.म.सदस्य | श्री सुबधी देवी | |
| २५ | द.म.सदस्य | श्री पानोदेवी सादा मुसहर | |
| २६ | द.म.सदस्य | श्री श्रीवती देवी | |
| २७ | द.म.सदस्य | श्री विलासो देवी | |
| २८ | द.म.सदस्य | श्री पवन देवी | |
| २९ | द.म.सदस्य | श्री गोदाबरी देवी चमैन | |
| ३० | द.म.सदस्य | श्री शैलिया देवी | |
| ३१ | द.म.सदस्य | श्री रामसती देवी | |
| ३२ | वडा सदस्य | श्री विन्देश्वर यादव | |
| ३३ | वडा सदस्य | श्री जोगिन्द्र चमार | |
| ३४ | वडा सदस्य | श्री रामजी यादव | |
| ३५ | वडा सदस्य | श्री राजकिशोर कुम्हार | |
| ३६ | वडा सदस्य | श्री रामप्रवोध मण्डल | |
| ३७ | वडा सदस्य | श्री मनोज कुमार साह | |
| ३८ | वडा सदस्य | श्री अशोक चौधरी | |
| ३९ | वडा सदस्य | श्री कारीराउत कुर्मी | |
| ४० | वडा सदस्य | श्री उत्तिमलाल विन | |
| ४१ | वडा सदस्य | श्री सुरेन्द्र यादव | |
| ४२ | वडा सदस्य | श्री हनिफ कवारी | |
| ४३ | वडा सदस्य | श्री समसुलहक कवाडी | |
| ४४ | वडा सदस्य | श्री रामदुलार यादव | |
| ४५ | वडा सदस्य | श्री राजा शेष | |
| ४६ | वडा सदस्य | श्री सत्यनारायण सहनी | |
| ४७ | वडा सदस्य | श्री कारी साफी | |
| ४८ | वडा सदस्य | श्री देवेन्द्र यादव | |
| ४९ | वडा सदस्य | श्री गोनौर राउत | |
| ५० | नि.प्रमुख प्रशासकिय अधिकृत | श्री बिनोद कुमार यादव | |

**निर्णय नं. १**

लोहारपट्टी नगरपालिकाका नगर प्रमुख श्री शैलेन्द्र कुमार यादव ज्यूले लोहारपट्टी नगरपालिकाको चौथो नगरसभा बैठकमा लोहारपट्टी नगरपालिकाको अगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम प्रस्तुत गर्नु भयो । प्रस्तुत नीति, कार्यक्रम माथि विस्तृत छलफल अगामी चौथो नगरसभाको दोस्रो बैठकमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा नगर उप-प्रमुख श्री सरिता शर्मा ज्यूले लोहारपट्टी नगरपालिकाको अगामी आर्थिक वर्ष २०७७/०७८ को नीति बजेट तथा कार्यक्रम एवं वार्षिक बजेट तथा कार्यक्रमसंग सम्बन्धित विनियोजन विधेयक, २०७७ तथा आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रस्तुत गर्नु भयो । उक्त प्रस्तुत विषय माथि विस्तृत छलफल चौथो नगरसभाको दोस्रो बैठकमा पेश गर्न निर्णय गरियो ।

**निर्णय नं. ३**

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न काल खण्डमा भएको आन्दोलन मधेश आन्दोलन लगायतका आन्दोलनहरूमा सहादत हुने ज्ञात अज्ञात वीर शहिदहरू प्रति श्रध्या पूर्वक सम्मान गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

लोहारपट्टी नगरपालिका वडा नं. ३ का वडा सदस्यको रूपमा प्रतिनिधित्व गर्दै यस नगर सभाका सदस्य श्री ईसरदेवी महरा २०७६ चैत्रमा असायमिक निधन भएकोले नगर सभाले एउटा अनुभवी स्थानीय राजनैतिक व्यक्तिको रूपमा नगर सभा सदस्य गुमाएका छन् । वहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरी श्रद्धाञ्जली अपर्ण गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

चौथो नगरसभाको अगामी दोश्रो बैठकमा पेश गर्ने प्रस्तावहरू माथि छलफलका लागि मिति २०७७।०३।२२ गते ११:०० बजे पुनः दोश्रो बैठक बस्ने गरी आजको बैठक स्थगित गरियो ।

# लोहारपट्टी नगरपालिकाको चौथो नगर सभा बैठकः

मिति : २०७७।०३।२२ गते

समय : बिहान : ११:०० बजे

स्थान : नगर कार्यपालिकाको कार्यालय, लोहारपट्टी, महोत्तरी

बैठक : चौथो नगर सभाको दोस्रो बैठक

अध्यक्षता : श्री शैलेन्द्र कुमार यादव प्रमुख

## उपस्थिति विवरण

| सि.नं. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शैलेन्द्र कुमार यादव | |
| २ | उपप्रमुख | श्री सरिता शर्मा | |
| ३ | वडा अध्यक्ष | श्री राजिशरण यादव | |
| ४ | वडा अध्यक्ष | श्री रामएकवाल दास | |
| ५ | वडा अध्यक्ष | श्री रामशरण यादव | |
| ६ | वडा अध्यक्ष | श्री जितेन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष | श्री शेष निसरूद्दिन | |
| ८ | वडा अध्यक्ष | श्री पंकज साह | |
| ९ | वडा अध्यक्ष | श्री गणेश ठाकुर | |
| १० | वडा अध्यक्ष | श्री रामबाबु यादव | |
| ११ | वडा अध्यक्ष | श्री जामुना यादव | |
| १२ | का.पा.सदस्य | श्री बसन्त चौधरी | |
| १३ | का.पा.सदस्य | श्री प्रमोद कुमार सिंह | |
| १४ | का.पा.सदस्य | श्री रामहृदय ठाकुर | |
| १५ | का.पा.सदस्य | श्री किरण यादव | |
| १६ | का.पा.सदस्य | श्री संयोगिया देवी | |
| १७ | का.पा.सदस्य | श्री उर्मिला देवी महरा | |
| १८ | का.पा.सदस्य | श्री कुमारी देवी | |
| १९ | का.पा.सदस्य | श्री पवन देवी | |
| २० | महिला सदस्य | श्री सरिता यादव | |
| २१ | महिला सदस्य | श्री राम दुलारी देवी | |
| २२ | महिला सदस्य | श्री उर्मिला देवी | |

| | | | |
|---|---|---|---|
| २३ | महिला सदस्य | श्री हेमा देवी | |
| २४ | द.म.सदस्य | श्री सुबधी देवी | |
| २५ | द.म.सदस्य | श्री पानोदेवी सादा मुसहर | |
| २६ | द.म.सदस्य | श्री श्रीवती देवी | |
| २७ | द.म.सदस्य | श्री विलासो देवी | |
| २८ | द.म.सदस्य | श्री पवन देवी | |
| २९ | द.म.सदस्य | श्री गोदाबरी देवी चमैन | |
| ३० | द.म.सदस्य | श्री शैलिया देवी | |
| ३१ | द.म.सदस्य | श्री रामसती देवी | |
| ३२ | वडा सदस्य | श्री विन्देश्वर यादव | |
| ३३ | वडा सदस्य | श्री जोगिन्द्र चमार | |
| ३४ | वडा सदस्य | श्री रामजी यादव | |
| ३५ | वडा सदस्य | श्री राजकिशोर कुम्हार | |
| ३६ | वडा सदस्य | श्री रामप्रवोध मण्डल | |
| ३७ | वडा सदस्य | श्री मनोज कुमार साह | |
| ३८ | वडा सदस्य | श्री अशोक चौधरी | |
| ३९ | वडा सदस्य | श्री कारीराउत कुर्मी | |
| ४० | वडा सदस्य | श्री उत्तिमलाल विन | |
| ४१ | वडा सदस्य | श्री सुरेन्द्र यादव | |
| ४२ | वडा सदस्य | श्री हनिफ कवारी | |
| ४३ | वडा सदस्य | श्री समसुलहक कवाडी | |
| ४४ | वडा सदस्य | श्री रामदुलार यादव | |
| ४५ | वडा सदस्य | श्री राजा शेष | |
| ४६ | वडा सदस्य | श्री सत्यनारायण सहनी | |
| ४७ | वडा सदस्य | श्री कारी साफी | |
| ४८ | वडा सदस्य | श्री देवेन्द्र यादव | |
| ४९ | वडा सदस्य | श्री गोनौर राउत | |
| ५० | नि.प्रमुख प्रशासकिय अधिकृत | श्री बिनोद कुमार यादव | |

**निर्णय नं. १**

लोहारपट्टी नगरपालिकाका नगर प्रमुख श्री शैलेन्द्र कुमार यादव ज्यूले चौथो नगरसभाको मिति २०७७।३।१० गतेको बैठकमा प्रस्तुत गर्नु भएको लोहारपट्टी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम माथि विस्तृत छलफल गरी पारित गर्न निर्णय गरियो ।

**निर्णय नं. २**

लोहारपट्टी नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उप-प्रमुख श्री सरिता शर्माले मिति २०७७।०३।१० गतेका दिन चौथो नगरसभा बैठकमा प्रस्तुत गर्नु भएको लोहारपट्टी नगरपालिकाको अगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम एवं वार्षिक बजेट तथा कार्यक्रमसंग सम्बन्धित विनियोजन विधेयक, २०७७ माथि विस्तृत छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लोहारपट्टी नगरपालिकाको स्थानीय राजस्व परामर्श समितिका संयोजक तथा उप-प्रमुख श्री सरिता शर्माले मिति २०७७।०३।१० गतेको नगरसभा बैठकमा लोहारपट्टी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित प्रस्तुत गर्नु भएको आर्थिक विधेयक, २०७७ को प्रस्ताव माथि विस्तृत छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

लोहारपट्टी नगरसभाको चौथो नगरसभा बैठकमा छलफल तथा पारितका लागि पेश गर्ने प्रस्तावहरू माथि छलफल हुन बाँकी रहेकोले मिति २०७७।०३।२३ गते दिनको ११:०० बजे पुनः बैठक बस्ने गरी आजको बैठक स्थगित गरियो ।

# लोहारपट्टी नगरपालिकाको चौथो नगर सभा बैठकः

मिति : २०७७।०३।२३ गते

समय : बिहान : ११:०० बजे

स्थान : नगर कार्यपालिकाको कार्यालय लोहारपट्टी, महोत्तरी।

बैठक : चौथो नगर सभाको **तेस्रो** बैठक

अध्यक्षता : श्री शैलेन्द्र कुमार यादव प्रमुख

## उपस्थिति विवरण

| सि.नं. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शैलेन्द्र कुमार यादव | |
| २ | उपप्रमुख | श्री सरिता शर्मा | |
| ३ | वडा अध्यक्ष | श्री राजिशरण यादव | |
| ४ | वडा अध्यक्ष | श्री रामएकवाल दास | |
| ५ | वडा अध्यक्ष | श्री रामशरण यादव | |
| ६ | वडा अध्यक्ष | श्री जितेन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष | श्री शेष निसरूद्दिन | |
| ८ | वडा अध्यक्ष | श्री पंकज साह | |
| ९ | वडा अध्यक्ष | श्री गणेश ठाकुर | |
| १० | वडा अध्यक्ष | श्री रामबाबु यादव | |
| ११ | वडा अध्यक्ष | श्री जामुना यादव | |
| १२ | का.पा.सदस्य | श्री बसन्त चौधरी | |
| १३ | का.पा.सदस्य | श्री प्रमोद कुमार सिंह | |
| १४ | का.पा.सदस्य | श्री रामहृदय ठाकुर | |
| १५ | का.पा.सदस्य | श्री किरण यादव | |
| १६ | का.पा.सदस्य | श्री संयोगिया देवी | |
| १७ | का.पा.सदस्य | श्री उर्मिला देवी महरा | |
| १८ | का.पा.सदस्य | श्री कुमारी देवी | |
| १९ | का.पा.सदस्य | श्री पवन देवी | |
| २० | महिला सदस्य | श्री सरिता यादव | |
| २१ | महिला सदस्य | श्री राम दुलारी देवी | |
| २२ | महिला सदस्य | श्री उर्मिला देवी | |
| २३ | महिला सदस्य | श्री हेमा देवी | |

| | | | |
|---|---|---|---|
| २४ | द.म.सदस्य | श्री सुबधी देवी | |
| २५ | द.म.सदस्य | श्री पानोदेवी सादा मुसहर | |
| २६ | द.म.सदस्य | श्री श्रीवती देवी | |
| २७ | द.म.सदस्य | श्री विलासो देवी | |
| २८ | द.म.सदस्य | श्री पवन देवी | |
| २९ | द.म.सदस्य | श्री गोदाबरी देवी चमैन | |
| ३० | द.म.सदस्य | श्री शैलिया देवी | |
| ३१ | द.म.सदस्य | श्री रामसती देवी | |
| ३२ | वडा सदस्य | श्री विन्देश्वर यादव | |
| ३३ | वडा सदस्य | श्री जोगिन्द्र चमार | |
| ३४ | वडा सदस्य | श्री रामजी यादव | |
| ३५ | वडा सदस्य | श्री राजकिशोर कुम्हार | |
| ३६ | वडा सदस्य | श्री रामप्रवोध मण्डल | |
| ३७ | वडा सदस्य | श्री मनोज कुमार साह | |
| ३८ | वडा सदस्य | श्री अशोक चौधरी | |
| ३९ | वडा सदस्य | श्री कारीराउत कुर्मी | |
| ४० | वडा सदस्य | श्री उत्तिमलाल विन | |
| ४१ | वडा सदस्य | श्री सुरेन्द्र यादव | |
| ४२ | वडा सदस्य | श्री हनिफ कवारी | |
| ४३ | वडा सदस्य | श्री समसुलहक कवाडी | |
| ४४ | वडा सदस्य | श्री रामदुलार यादव | |
| ४५ | वडा सदस्य | श्री राजा शेष | |
| ४६ | वडा सदस्य | श्री सत्यनारायण सहनी | |
| ४७ | वडा सदस्य | श्री कारी साफी | |
| ४८ | वडा सदस्य | श्री देवेन्द्र यादव | |
| ४९ | वडा सदस्य | श्री गोनौर राउत | |
| ५० | नि.प्रमुख प्रशासकिय अधिकृत | श्री बिनोद कुमार यादव | |

**निर्णय नं. १**

लोहारपट्टी नगरपालिकाको मिति २०७७।०३।०५ गते बसेको बैठकबाट अनुमोदन तथा पारितका लागि प्रस्ताव गरिएका आ.व. २०७५/०७६ को यथार्थ आय व्यय, चालु आ.व. २०७६/०७७ को संशोधित आय व्यय बजेट र अगामी आ.व. २०७७/०७८ को प्रस्ताविक अनुमान सहितको आय व्यय बजेट योजना तथा कार्यक्रम तथा आ.व. २०७६/०७७ को हालसम्म नगर कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकबाट भएका निर्णय अनुसार कार्यान्वयन भएका सम्पूर्ण काम कार्यवाही, बजेट तथा कार्यक्रम संशोधन थपघट रकमान्तर सम्बन्धि पेश भएको प्रस्ताव माथि विस्तृत छलफल हुन बाँकी रहेकोले अगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

लोहारपट्टी नगरपालिकाको चौथो नगरसभाको अगामी बैठक मिति २०७७।३।२४ गते दिनको ११:०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो ।

# लोहारपट्टी नगरपालिकाको चौथो नगर सभा बैठकः

मिति : २०७७।०३।२४ गते

समय : बिहान : ११:०० बजे

स्थान : नगर कार्यपालिकाको कार्यालय लोहारपट्टी, महोत्तरी ।

बैठक : चौथो नगर सभाको **चौथो** बैठक

अध्यक्षता : श्री शैलेन्द्र कुमार यादव प्रमुख

## उपस्थिति विवरण

| सि.नं. | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शैलेन्द्र कुमार यादव | |
| २ | उपप्रमुख | श्री सरिता शर्मा | |
| ३ | वडा अध्यक्ष | श्री राजिशरण यादव | |
| ४ | वडा अध्यक्ष | श्री रामएकवाल दास | |
| ५ | वडा अध्यक्ष | श्री रामशरण यादव | |
| ६ | वडा अध्यक्ष | श्री जितेन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष | श्री शेष निसरूद्दिन | |
| ८ | वडा अध्यक्ष | श्री पंकज साह | |
| ९ | वडा अध्यक्ष | श्री गणेश ठाकुर | |
| १० | वडा अध्यक्ष | श्री रामबाबु यादव | |
| ११ | वडा अध्यक्ष | श्री जामुना यादव | |
| १२ | का.पा.सदस्य | श्री बसन्त चौधरी | |
| १३ | का.पा.सदस्य | श्री प्रमोद कुमार सिंह | |
| १४ | का.पा.सदस्य | श्री रामहृदय ठाकुर | |
| १५ | का.पा.सदस्य | श्री किरण यादव | |
| १६ | का.पा.सदस्य | श्री संयोगिया देवी | |
| १७ | का.पा.सदस्य | श्री उर्मिला देवी महरा | |
| १८ | का.पा.सदस्य | श्री कुमारी देवी | |
| १९ | का.पा.सदस्य | श्री पवन देवी | |
| २० | महिला सदस्य | श्री सरिता यादव | |
| २१ | महिला सदस्य | श्री राम दुलारी देवी | |
| २२ | महिला सदस्य | श्री उर्मिला देवी | |
| २३ | महिला सदस्य | श्री हेमा देवी | |

| | | | |
|---|---|---|---|
| २४ | द.म.सदस्य | श्री सुबधी देवी | |
| २५ | द.म.सदस्य | श्री पानोदेवी सादा मुसहर | |
| २६ | द.म.सदस्य | श्री श्रीवती देवी | |
| २७ | द.म.सदस्य | श्री विलासो देवी | |
| २८ | द.म.सदस्य | श्री पवन देवी | |
| २९ | द.म.सदस्य | श्री गोदाबरी देवी चमैन | |
| ३० | द.म.सदस्य | श्री शैलिया देवी | |
| ३१ | द.म.सदस्य | श्री रामसती देवी | |
| ३२ | वडा सदस्य | श्री विन्देश्वर यादव | |
| ३३ | वडा सदस्य | श्री जोगिन्द्र चमार | |
| ३४ | वडा सदस्य | श्री रामजी यादव | |
| ३५ | वडा सदस्य | श्री राजकिशोर कुम्हार | |
| ३६ | वडा सदस्य | श्री रामप्रवोध मण्डल | |
| ३७ | वडा सदस्य | श्री मनोज कुमार साह | |
| ३८ | वडा सदस्य | श्री अशोक चौधरी | |
| ३९ | वडा सदस्य | श्री कारीराउत कुर्मी | |
| ४० | वडा सदस्य | श्री उत्तिमलाल विन | |
| ४१ | वडा सदस्य | श्री सुरेन्द्र यादव | |
| ४२ | वडा सदस्य | श्री हनिफ कवारी | |
| ४३ | वडा सदस्य | श्री समसुलहक कवाडी | |
| ४४ | वडा सदस्य | श्री रामदुलार यादव | |
| ४५ | वडा सदस्य | श्री राजा शेष | |
| ४६ | वडा सदस्य | श्री सत्यनारायण सहनी | |
| ४७ | वडा सदस्य | श्री कारी साफी | |
| ४८ | वडा सदस्य | श्री देवेन्द्र यादव | |
| ४९ | वडा सदस्य | श्री गोनौर राउत | |
| ५० | नि.प्रमुख प्रशासकिय अधिकृत | श्री बिनोद कुमार यादव | |

**निर्णय नं. १**

लोहारपट्टी नगरपालिकाको मिति २०७७/०३/५ गते बसेको बैठकबाट अनुमोदन तथा पारितका लागि प्रस्ताव गरिएका आ.व. २०७५/०७६ को यथार्थ आय व्यय चालु आ.व. २०७६/०७७ को संशोधित आय व्यय बजेट तथा अगामी आ.व. २०७७/०७८ को प्रस्तावित अनुमान सहितको आय व्यय, बजेट योजना तथा कार्यक्रम चौथो नगर सभाको तेश्रो बैठकमा पेश भएको प्रस्ताव माथि विस्तृत छलफलका लागि पेश भएकोमा विस्तृत छलफल तथा अध्ययन गरी गत आ.व. २०७५/०७६ को यथार्थ आय व्यय, चालु आ.व.२०७६/०७७ को संशोधित आय व्यय बजेट तथा अगामी आ. व. २०७७/०७८ को प्रस्तावित आय व्यय बजेट योजना तथा कार्यक्रम अनुसूचीमा उल्लेख भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

लोहारपट्टी नगर कार्यपालिकाबाट आ.व. २०७६/०७७ को हालसम्म विभिन्न मितिमा बसेको बैठकबाट भएका निर्णय र सो निर्णय अनुसार भए गरेका बजेट तथा कार्यक्रम संशोधन बजेट थपघट रकमान्तर लगायत सम्पूर्ण काम कार्यवाहीलाई अनुमोदनका लागि पेश भएको प्रस्ताव माथि विस्तृत छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लोहारपट्टी नगरपालिकाको चालु आ.व. २०७६/०७७ र अगामी आ.व. २०७७/०७८ को लागि नगर सभाबाट स्वीकृत भएको बजेट योजना तथा कार्यक्रम बाहेक स्थानीय संचित कोषमा जम्मा हुने गरी संघ, प्रदेश वा अन्य कुनै निकायबाट कार्यक्रम सहित रकम प्राप्त हुन आएमा वा स्वीकृत कार्यक्रममा थपघट गरी बजेट प्राप्त हुन आएमा सोही बमोजिम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

लोहारपट्टी नगरपालिका अन्तर्गत रहेका ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका पर्यटकीय स्थलहरू तथा पूर्वाधार क्षेत्रका ठूला मझौला योजनाहरूको विकास गर्न नगरपालिकाको सिमित श्रोत साधनबाट सम्भव नभएकोले त्यस्ता आयोजना / योजनाको विकासका लागि बजेट योजना स्वीकृतीका लागि संघ/ प्रदेश सरकार वा अन्य दातृ निकाय संस्थामा अनुरोध गरी माँग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका विषयगत शाखाका लागि सेवा करारमा लिई करार सेवामा काम काज गर्दै आइरहेका करारका कर्मचारीलाई करार सेवा निरन्तरताका लागि कार्यालयलाई कर्मचारीका आवश्यकताका आधारमा करार सेवाको निरन्तरता दिन र सेवा सुविधा उपलब्ध गराउने सम्बन्धि कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

लोहारपट्टी नगरपालिकाको अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट गत विगत आ.व. समेतका फर्छ्यौट हुन बाँकी देखिएका पेश्की तथा बेरूजु रकम फर्छ्यौट कार्यलाई कार्यपालिकाले प्राथमिकता साथ काम कार्यवाही प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगर कार्यपालिकाको कार्यालयबाट गत विगत र चालु आ.व. मा संचालन भई पूर्वाधार क्षेत्रका विकास निर्माण कार्य, कार्यक्रम संचालन तथा कार्यालयबाट खरीद भएका सामान सामग्रीहरू समेतका भुक्तानी हुन बाँकी रहने त्यस्ता योजना तथा कार्यक्रमको कार्य प्रगतिको आधारमा भुक्तानी दिनु पर्ने रकम भुक्तानीका लागि छुट्याईएको विनियोजित शिर्षक रकमबाट वा नपुग भएमा तत्-तत् मिल्दो विनियोजित शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिकाको निर्वाचित जनप्रतिनिधि पदाधिकारीहरूको पारिश्रमिक भत्ता लगायत पाउने सेवा सुविधा प्रदेश सरकारबाट निर्णय भए बमोजिम पदाधिकारी पारिश्रमिक तर्फ विनियोजित रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगरपालिकाको आफ्नो आन्तरिक आय श्रोत बृद्धिका लागि नगरपालिका भित्र व्यापार व्यवसाय पेशा गरी रहेका व्यवसायीहरूबाट नगरपालिकालाई बुझाउनु पर्ने कर दस्तुर नबुझाई करको दायरामा नआएकोले नगर सभाबाट पारित आर्थिक ऐन अनुसारको कर दस्तुर उठाउन कार्यलाई उच्च प्राथमिकताका साथ कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

सुरक्षित बसोवास र व्यवस्थित नगर बनाउने अभियानमा नगरभित्र भौतिक पूर्वाधार निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड अनुसार घर नक्सा पास सम्बन्धि कार्य र नक्सा पास नगरी बनाइएका भवन, घर , टहराहरूको अभिलेखीकरण तिब्रताका साथ अगामी आ.व. देखी कार्यान्वयनमा ल्याउन निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगरपालिका बासी आफ्नो अमूल्य जिवन संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि उत्सर्ग गर्नु हुने शहिद शिवचन्द्र मिश्रको सालिक (स्टेचु) निर्माण लोहारपट्टीमा, राम विलास ठाकुरको सालिक (स्टेचु) निर्माण पिपराढीमा र बगडा पहलमान चौकमा पहलमान स्व. ईन्द्रजीत यादवको सालिक प्रतिमा निर्माण गर्ने र नगरपालिका भित्र वडा नं. १ देखी ९ सम्मका सबै टोल बस्ती चौक चौराहा सार्वजनिक स्थलहरूको सौन्दर्यीकरण गर्न धार्मिक साँस्कृतिक महत्वलाई पहिचान स्थापित हुने खालका गेट लगायतका पूर्वाधार क्षेत्रका योजनाहरू संचालनका लागि आवश्यक कार्य योजना बनाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्णय गरियो ।

**निर्णय नं. १२**

नगरपालिकाबाट नगरबासीलाई दिने सेवा प्रवाह सुविधा, कर्मचारीहरूको वृती विकास लगायतका गर्नु पर्ने आवश्यकीय कार्यहरू कार्यान्वयनका लागि निर्णय गरी कार्यान्वयन गर्ने गराउन नगर कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस लोहारपट्टी नगरपालिकाको अगामी आर्थिक वर्ष २०७७/०७८ का लागि नगर सभाबाट पारित भएका कुनै योजना तथा कार्यक्रम बजेट कुनै प्राविधिक कारण वा अन्य कारण वश कार्यान्वयन हुन नसक्ने अवस्था आएमा वा सो योजना तथा कार्यक्रमको सट्टा आवश्यक्ता र औचितताको आधारमा अन्य योजना तथा कार्यक्रम नगरवासीको लागि आवश्यकता लाभ हुने देखिएमा र त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न बजेट थपघट संशोधन गर्न माँग समेत भई आएमा त्यस्ता योजना कार्यक्रम बजेट थपघट संशोधन गरी कार्यान्वयन गर्न अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरीयो ।

निर्णय नं. १४

यस लोहारपट्टी नगरपालिकाको नगरसभा अध्यक्ष तथा नगर प्रमुख श्री शैलेन्द्र कुमार यादव ज्यूबाट नगरसभा बैठकमा छलफलको क्रममा सभा सदस्यज्यूबाट व्यक्त सल्लाह सुझाव जिज्ञासालाई समेटेर विस्तार पूर्वक आफ्ना मन्तव्यमा प्रस्ट पार्नु भयो । नगरवासी जनताका चाहना आवश्यकता र **सुन्दर शान्त स्वच्छ र आर्थिक समृद्ध नगर** निर्माण क्रममा निर्वाचित जनप्रतिनिधिद्वारा गठित नगरकार्यपालिकाले चालिएका कदम र आफनो व्यक्तिगत प्रयास समेतले हालसम्म नगरमा भएको विकास सन्तोष जनक रहेको देखिएको छ । तर यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्ष्य अनुसार हासिल गर्न विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (Covid-19) ले गर्दा हासिल गर्न समस्या आएको सबैमा विदित भएको व्यहोरा अवगत गराउनु भयो । कोरोना भाईरसले नगरवासी जनताको दैनिकी जिवनमा उत्पन्न विभिन्न समस्याहरूलाई न्यूनिकरणका लागि नगरपालिका र आफ्नो व्यक्तिगत तर्फबाट हर सम्भव प्रयास गरीएको छ । साथै नगरवासी जनताको हर सुख दुखमा साथ रहने धारणा व्यक्त गर्नुभयो ।

नगरको चौतर्फी पूर्वाधार क्षेत्रका विकासका लागि सधै चिन्तित र प्रयासरत रहदै आएको छु । नगरको विकासका लागि ठुला ठुला आयोजनाको विकास नभई परिर्वतन भएको अनुभूति नभई रहेको हुन नसक्छ । तर नगरवासीको सहयोगबाट सानो अवधिमा स-साना योजनाहरू निर्माण सम्पन्न गरी सडक यातायात क्षेत्र र अन्य पूर्वाधार क्षेत्रका स-साना योजनाहरूको निर्माण सम्पन्न गरी विकास भएको अनुभूति जनताले गरी रहेका छन् । नगरको ठुला मझौला खालका आयोजना निर्माणका लागि ठुलो बजेटको आवश्यकता पर्छ । तर नगरपालिकाको आफ्नो आन्तरिक श्रोत साधन र बजेट न्यून छ । यसले गर्दा ठुला आयोजना संचालन गर्न सकेका छैनौ । तर त्यस्ता आयोजना संचालनका लागि संघ/प्रदेश वा अन्य दातृ निकायबाट बजेट योजना माँग गर्न आवश्यक पहल गर्ने बारेको जानकारी सभामा व्यक्त गर्नु भयो । आर्थिक वर्ष २०७७/०७८ को बजेट योजना तथा कार्यक्रम (वार्षिक नगर विकास योजना) नगर सभा बैठकबाट पारित गरी कार्यान्वयनका लागि सभाबाट कार्यदिशा निर्देश गरेकोमा सहभागी सबै सभा सदस्यज्यूहरूमा धन्यवाद दिदै नगर विकास योजना कार्यान्वयनमा गुणस्तरीयता कायम हुने गरी समयमै सम्पन्न गर्ने गरी कार्य संचालन गर्न गराउन हुन सबैमा आग्रह गर्नु भयो ।

अगामी वर्षको लागि पारित बजेट तथा कार्यक्रमबाट नगरपालिकाले लिएको लक्ष्य "**सुन्दर शान्त स्वच्छ र समृद्ध आर्थिक नगर**" को परिकल्पनालाई साकार गर्ने उपलब्धी हासिल हुनेमा हामी सबै विश्वसत छु । नगरवासी जनताको हरेक कृयाकलाप र विकासमा सधै प्रयासरत रहने सबैमा अठोठ गर्न आग्रह गर्दै व्यक्तिगत रूपमा सधै प्रयासरत रहने प्रतिवध्यता व्यक्त गर्दै विधिको शासन पारदर्शिता, जवावदेहीताको सरकार र सुशासनका मूल अवधारणलाई सफल कार्यान्वयनको दिशामा एक जुट भई

अगाडी बढने सबैमा आग्रह गर्नुभयो । बार्षिक नगर विकास योजना तर्जुमा कार्यमा सहयोग पुऱ्याउने हुने सबैलाई धन्यवाद दिदै सफल कार्यान्वयनको लागि नगरवासी एवम् सरोकारवाला सबैसंग सकारात्मक सहयोगको अपेक्षा राख्दै चौथो नगरसभा अधिवेशन बैठक सभापन्न भएको घोषना गर्नुभयो ।

# लोहारपट्टी नगरपालिकाको अगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम चौथो नगर सभा बैठकमा प्रस्तुत वक्तव्य

*लोहारपट्टी नगरसभाको अध्यक्ष महोदय,*

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. २ मा अवस्थित एतिहासिक र पौराणिक धार्मिक पर्यटकीय नगर प्रदेश नं. २ का अस्थायी राजधानी जनकपुरसँग जोडिएका महोत्तरी जिल्ला लोहारपट्टी नगरपालिकाको चौथो नगर सभामा अगामी आर्थिक वर्ष २०७७।०७८ को वार्षिक नीति, योजना / कार्यक्रम तथा वजेट प्रस्तुत गर्न पाउँदा आफुलाई गौरबको अनुभूति भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भएपछिको २०७४ सालमा स्थानीय तहको सम्पन्न निर्वाचनवाट निर्वाचित भई स्थानीय तहको सरकारको ...... नगर सभा समक्ष चौथो बार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गरी रहँदा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागी विभिन्न काल खण्डमा मधेश लगायतका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नु हुने सम्पूर्ण वीर शहिदहरू प्रति भावपूर्व हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

विश्व व्यापिरूपमा फैलिरहेको कारोना भाइरस ९ऋयखष्म(ज्ञढ० महामारी संक्रमणको प्रतिकुल परिस्थितिमा नगरपालिकाको वार्षिक वजेट प्रस्तुत गर्नुपर्न विधमान अवस्थामा सर्वप्रथम नेपालमा नेपालको संविधानको भाग ७५ उपदफा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्रको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको सरकारको रूपमा स्थापित भई सकेको वर्तमान अवस्थामा तिन तहका सरकार मध्य संघीय सरकारले देशको नीति निर्माण र मुख्य श्रोत प्रदायकको रूपमा काम गर्दैछ भन्ने प्रदेश सरकारले प्रदेशको समुचित विकासका लागि समन्वयात्मक भूमिका र स्थानीय सरकारले स्थानीय तहका समग्र आर्थिक, सामाजिक पूर्वाधार क्षेत्र योजनाहरूको निर्माण कार्यमा केन्द्रित भई क्षेत्र लगायतका कार्यहरू गरी रहेको छन । यस सन्दर्भमा लोहारपट्टी नगरपालिले संघीयता र विकासको विकेन्द्रित अवधारणालाई मध्यनजर गरी स्थानीय समस्या र अति आवश्यक प्राथमिकताको योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा बढी जोड दिने प्रयास गरेको छ । यस वर्ष कोभिड-१९ महामारीको कारणले विशेष परिस्थिती सृजना भई प्रतिकुलताको वावजुद संवैधानिक व्यवस्था अनुसार समयमै अगामी आर्थिक वर्षको वार्षिक नगर विकास योजना तर्जुमाको खाका तयारी गरी पारित गर्न छलफलका लागि पेश गरेको छु ।

नगरपालिकाको सिमित श्रोत साधनको उपलब्धता रहेको छ । आफ्नो आन्तरिक श्रोत एकदमै कम छ । आन्तरिक श्रोतलाई वृद्धि गर्न कर श्रोतका दायरा फराकिलो गर्न आवश्यक पहल र प्रयास भई रहेको छ । यसका वावजुद नगरपालिकालाई प्राप्त हुने सिमित वार्षिक वजेटले. स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार स्थानीय सरकार अर्न्तगत सम्पूर्ण कार्यक्षेत्रमा ध्यान केन्द्रित भई लोहारपट्टी नगरपालिकाबाट काम गर्ने प्रयास भएको छ । कोभिड-१९ ले सृजित विसम प्रस्थितिमा पनि कहि कतै संघीय सरकारबाट हालसम्म महामारी रोकथाम, नियन्त्रण वा राहत प्राप्त नभएको अवस्थामा पनि जनताको निकटको सरकारको रूपमा रहेको स्थानीय सरकारको भूमिकालाई लोहारपट्टी नगरपालिका पूर्णरूपमा स्थापित गर्ने गरेको छ । अहिले सम्म कोभिड १९ का कारण सृजित प्रस्थितिलाई सामान्य बनाउने दिशामा नगरपालिकाबाट भएको प्रयासमा सबै वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगर सभा सदस्य, स्वास्थ्य कर्मी तथा न.पा. का कर्मचारी, बुद्धिजिवि, व्यापारी लगायतका आम नगरबासी सबैको अथक सहयोग र सहकार्य प्राप्त भएको छ । यस कार्यको सराहना र प्रशंसा गर्दछु । कोभिड-१९ महामारी रोकथामा नियन्त्रण काममा संघीय सरकार ⁄ प्रदेश सरकार र स्थानीय सरकार तिनैतहका सरकारबाट जारी हुने सम्पूर्ण निर्देशन मापदण्ड, नियमहरू पालन गर्न र सुरक्षित रहनका लागि सबैमा हार्दिक अपिल गर्दछु ।

नगरपालिकाले आफ्नो नगरको विकासको लागि लिइएको सोच, लक्ष्य र उद्देश्य अनुरूपको कार्यमा अगाडि बढ्दै गईरहेको अवस्थामा कोभिड-१९ कारणले चालु आ. व. मा अन्य क्षेत्रको क्रियाकलाप भन्दा वढी समय स्रोत र प्राथमिकता महामारी रोकथाम, नियन्त्रण, राहत वितरण र उपचारमा केन्द्रित भएकोले नगरको पूर्वाधार विकास लगायतका अन्य क्षेत्रको कार्यमा संन्तोष जनक प्रगति हासिल हुन नसक्ने अवस्थालाई मध्य नजर गर्दै अगामी दिनमा समयमै कार्य संम्पादन गर्ने तर्फ उन्मुख हुने सबैमा अनुरोध गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संरचाना अनुसार स्थानीय तह सरकारको नयाँ अभ्यास अनुसारको यो चौथो वजेट हो । गत वर्षहरूको अनुभवबाट पनि यस पटकको वजेटलाई थप व्यवहारिक र प्रभावकारी बनाउने प्रयास गरिएकोछ । संघीय सरकार ⁄ प्रदेश सरकारले दिने अनुदान, राजस्व वाँडफाँडबाट प्राप्त हुने रकम, आन्तरिक कर दस्तुर आदिवाट हुन सक्ने आम्दनीको मुख्य श्रोतको आधारमा बजेट शिलिङ्ग सिमा निर्धारण गरिएकोछ । यस पटक कारोनाको कारण लामो समयको बन्दाबन्दीले राजश्व तथा कर संकलनमा भएको व्यवधान र तत्काल अवस्थामा पूर्ण सुधार हुने सम्भावना नरहेकोले श्रोतको सिमिततालाई ध्यान दिई वजेट, योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

यस पटकको नीति, वजेट कार्यक्रम यर्थाथ धरातलमा रही तर्जुमा गरिएको छ । जनतालाई वढी लाभ पुग्ने ठोस योजनामा वजेट विनियोजन गर्ने ध्यान दिईएको छ । अहिलेको महामारीबाट सृजित समस्या समाधानका लागि तत्काल प्रतिफल दिने र रोजगारी सृजना हुने क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । आज कोभिड-१९ को प्रभावबाट राज्यको सबै क्षेत्र गम्भिर संकटमा परेको छ । त्यसैले राज्यको उपस्थिति हरेक गाउँ टोलका वस्ती, समुदायमा पुग्नु आजको आवश्यता हो । गाउँ टोल सिंहदरवार स्थानीय सरकारले आफुले सिमित श्रोत साधन परिचालन गरी स्थानीय स्तरमा रोजगारी सृजना गर्ने भनाईलाई यो लोहारपट्टी नगरपालिकाले आंगिकार गरेको छन । आफ्नो वजेटले भ्याऐ सम्म नगरवासी जनताको हित र लाभ हुने खालको सेवा क्षेत्रका योजना तथा कार्यक्रम संचालन गर्दै बेरोजगारी समस्या न्यूनिकरण अपराधी कृयाकलाप नियन्त्रण र नागरीकलाई उत्पादनमा जोडने कामको साथै नेपालको संविधान र कानुन तथा स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार स्थानीय सरकारको काम कर्तव्य र अधिकार भित्र जनताको आर्थिक, सामाजिक ,साँस्कृतिक रूपान्तरण लगायतका पूर्वाधार विकासका कार्यहरू, सार्वजनिक सेवा प्रवाह, भ्रष्टाचार, नगर सुशासन व्यवस्थापन लगायतका क्षेत्र उच्च प्राथमिकतामा राख्दै आगामी वर्ष ०७७/०७८ को वार्षिक वजेट तर्जुमा गर्दा देहायका सोच, लक्ष्य, उद्देश्य राखेको छ र यसै वजेट मार्फत कार्यक्रमहरू सारेको छ । सफलता पाउन कठिन भएपनि असंम्भव छैन भन्ने तथ्यलाई स्वीकारर्दै नगर विकासको लामो अभियानका उद्देश्य प्राप्तिका लागि हामी सबै एकजुट भई अगाडी वढ्ने अठोट गरेको छु ।

यस लोहारपट्टी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति बजेट तथा कार्यत्रम तर्जुमा गर्दै नेपालको संविधान २०७२ को भावना र मर्म स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिगदर्शन, २०७५ राष्ट्रिय योजना आयोगको १५ औं योजना परिलक्षित गरेका क्षेत्र, संघीय र प्रदेश सरकारको नीति, मार्गदर्शन सरकारद्धारा अन्तर राष्ट्रिय स्तरमा प्रतिबध्यता व्यक्त भएका क्षेत्र तथा स्थानीय राजश्व परामर्श समिति, श्रोत तथा बजेत सीमा निर्धारण समितिको श्रोत र **बजेत अनुमान तथा बजेतको** सिद्बान्त उद्देश्य प्राथमिकतालाई मूल आधारको रूपमा लिएको छु ।

मैले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा विकास वा योजना तथा कार्यक्रमहरूलाई तर्जुमा गरी प्रस्ताव गर्दा नेपालको संविधानमा उल्लेख भएका भौलिक हकहरू राज्यका निर्देशक सिद्बान्तहरू, साथै समय समयमा नगरवासी जनताले दिएको सल्लाह सुझाव समेतलाई ध्यान दिई तर्जुमा गर्ने प्रयास गरेको छु । उल्लेखित प्राथमिकतामा रही देहाय अनुसारको सोच, लक्ष्य, उद्देश्य राखेको छु ।

**सोच :-**

यो लोहारपट्टी नगरपालिकाको दिर्घकालिन सोच अघिल्लो वर्ष रहेका योजनालाई यथावत राख्दै यस वर्षको वजेट कोभिड-१९ ले सृजित गरेको परिस्थितीबाट नगरवासी जनतालाई सुरक्षित राखी रोजगारी सृर्जना गरि आत्मनिर्भर बनाउने रहेको छ ।

**लक्ष्य :-**

आर्थिक, सामाजिक तथा साँस्कृतिक महत्वका पर्यटकिय पुर्वाधार विकास लगायत क्षेत्रहरूको सँरक्षण, सम्वर्धन गर्दै नगरवासी जनताहरूको समस्या हल गर्ने ।

**उद्देश्य :-**

यो लोहारपट्टी नगरपालिकाका मुख्य उद्देश्य सम्पूर्ण नगरवासीहरूको आधारभूत आवश्यकता पुरा गर्दै सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा कोभिड-१९ को कारण परेको प्रभावलाई न्यूनिकरण गर्दै सुन्दर शान्त र आर्थिक समृद्ध नगर बनाईने छ ।

**अध्यक्ष महोदय ,**

अब यिनै सोच, लक्ष्य, उद्देश्य प्राप्तिका लागि नगरपालिकाले तपशिल बमोजिमको नीति आवलम्वन गरी सो अनुरूपको वजेट तथा कार्यक्रम तर्जुमा गर्ने विषयमा नगरपालिकाभित्र रहेका विभिन्न समितीबाट कार्यपालिकामा पेश भई सो अनुरूप सोच, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि तपशिल बमोजिमको नीति तथा कार्यक्रम पेश गरेको छु ।

**<u>आर्थिक विकास क्षेत्र</u> :-**

१. जनताको आर्थिक विकासका लागि नगर क्षेत्रमा रहेको पर्यटकिय स्थलहरूको पुर्वाधारको विकास गर्ने ।
२. कोभिड-१९ को कारण सृजित समस्याहरूलाई निदान गर्न कृषि उत्पादन बढाउने कृषि क्षेत्रका योजना तथा कार्यक्रम संचालन गर्ने । कृषि तथा पशुपालन पेशालाई आधुनिकिकरण गर्न पकेट क्षेत्र निर्धारण गरि कार्यक्रम अगाडि वढाईने छ ।

३. कृषकहरूको सहकार्यमा पशुपालन फर्म स्थापना गरिनेछ ।

४. कृषि तथा पशुपालन पेशालाई व्यवसायी र यान्त्रीकरण गर्न कृषि पूर्वाधार विकास कृषकहरूको क्षमता विकास गर्दै युवा रोजगारी सृर्जना, गरिबी निवारणमा योगदान हुने खालका योजना तथा कार्यक्रम संचालन गरिनेछ

५. कृषकहरूको खेतमा सिचाईको लागि पानी पुऱ्याउने, सिचाईको कूलो पैनी नहर जिण्योद्धार मर्मत तथा निर्माणका योजना संचालन गरिनेछ ।

६. समृद्धिका लागि सहकारी भन्ने भन्नाईलाई आत्मसात गर्दै नगरपालिका भित्र रहेका सहकारीहरूको नियमन र प्रभावकारिताका लागि आवश्यक कार्य अगाडी बढाउने छ ।

<u>सामाजिक विकास क्षेत्र</u> :

१. स्थानीय तहको नगर शिक्षा ऐन नियमानुसार आधारभूत र माध्यमिक शिक्षालाई नियमन र गुणस्तरमा वृद्धि गरिनेछ । शिक्षाको लागि उल्लेखित ऐन नियमको प्रभावकारी कार्यान्वयन गरिनेछ । आर्थिक तथा सामाजिक रूपमा पछाडी परेका गरिब र जेहेन्दार बाल बालिकाहरू फरक क्षमताका बालबालिकाहरूको शिक्षाका विशेष छात्रवृती व्यवस्था गर्न संस्थामा विद्यालयहरूसंग सहकार्य गरिनेछ ।

२. नगरवासी जनतालाई आधारभूत स्वास्थ्य सेवामा पहुच र सुनिश्चिताका लागि नगर भित्रका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी संस्थाहरूले दिदै आएको सेवालाई थप प्रभावकारी बनाई सेवाको गुणस्तरीयतामा जोड दिइनेछ । आयुर्वेद चिकित्सा पद्धती र ध्यान योगलाई स्वास्थ्य उपचारको सहयोगी माध्यम बनाउन प्रोत्साहन गरिनेछ ।

३. महङ्गो स्वास्थ्य सेवाका कारण सामान्य व्यक्तिको पहुँच बाहिर रहेको क्यान्सर, मुटु तथा मृगौला रोग उचारमा आर्थिक रूपमा कमजोर नगरबासी जनतालाई आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ ।

४. नगरबासीलाई विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (ऋयखष्म(ज्ञढ) संक्रमण रोकथाम नियन्त्रण र उपचारका आवश्यक व्यवस्था गरिनेछ ।

५. एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरूप स्वास्थ्य संस्था संचालनमा नगरका वडामा स्वास्थ्य चौकी स्थापनाको आवश्यक व्यवस्था मिलाईनेछ ।

६. सभ्यताको मूल आधार स्वच्छ र खानेपानी र सरसफाई युक्त व्यवहार भन्ने नगरलाई सार्थक तुल्याउने गरी नगरपालिकाभित्र स्वच्छ खानेपानी व्यवस्था र सरसफाई अभियानलाई प्रभावकारी बनाई खानेपानीबाट बंचित हुने स्थानमा खानेपानी पाइज जडान गर्ने कार्यलाई तिव्रता दिईनेछ ।

७. लैङ्गिक हिंसा, लैङ्गिक विभेद, छुवाछुत जस्ता सामाजिक कुरीति र विकृती तथा कानुनले बर्जित गरेका कुपर्था अन्ध विश्वासको अन्त, बाल विवाह, बालश्रम विरूद्ध सामाजिक सचेतनामूलक कार्यक्रमहरू संचालन गरिनेछ ।

८. नियमित व्यायाम, स्वस्थ युवा, गतिशिल समाज भन्ने अभिप्रेरणाका साथ खेलकुद तर्फ मेयर कप खेलकुद गतिविधि क्रियाकलाप संचालन गरिनेछ ।

९. नगरपालिकाभित्र कला, भाषा, साहित्य, संस्कृतीको विकास र संरक्षण गरिनेछ ।

<u>पूर्वाधार विकास</u> :

१. नगरको चौतर्फी विकासमा प्रभावकारी रहेका नगर गौरबका आयोजनाहरूलाई प्राथमिकताका साथ संचालन गरिनेछ ।

२. नगरपालिकाका आफ्नो सिमित श्रोत साधानले कार्यान्वयन गर्न नसकिने वडाबाट सिफारिश भएका ठूला, मझौला योजनाको विस्तृत परियोजना कार्यान्वयनको लागि विशेष अनुदान समपूरक अनुदान वा अन्य दातृ निकायको सहयोगको अपेक्षा गरिनेछ । सुरक्षित बसोवासका लागि नगरभित्र भौतिक पूर्वाधार भवन निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्डको पूर्ण रूपमा पालन गराइनेछ । नगर स्तरका यातायात, गुरूयोजनालाई अध्यावधिक गरी सोही आधारमा सडकको स्तरोन्नती र सुधार गर्दै लागिनेछ । घर नक्सा सम्बन्धि कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईनेछ । प्रचलित कानुन बमोजिम नक्सा पास गर्न पर्नेमा नक्सा पास नगरी नगरपालिका भए पश्चात अघिपछि बनाइएका घर टहराहरूको अभिलेखिकरण गरिनेछ ।

३. नगर क्षेत्रभित्र रहेका ऐलानी पर्ति जग्गाको लगत अभिलेखिकरण गरिनेछ । साथै ऐलानी, पर्ति जग्गाको संरक्षण र समूचित उपभोग तर्फ पहल गरिनेछ ।

४. नगरपालिकाको आफ्नो प्रशासकिय भवन निर्माण र वडा कार्यालय नगरका वडाको सबै वडा कार्यालय भवन निर्माणको आवश्यक बजेट व्यवस्था गरि भवन निर्माण गर्ने आवश्यक व्यवस्था मिलाईनेछ ।

**वातावरण तथा विपत् व्यवस्थापन क्षेत्र :**

१. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (ऋयखष्म(ज्ञढ) संक्रमण रोकथाम नियन्त्रण, उपचार लगायतका उपचारात्मक कार्य र राहत सहयोगका लागि विपत् व्यवस्थापन कोषमा जम्मा हुने गरी बजेटको व्यवस्था गरेको छु ।

२. नगरपालिकाको सबै वडा र सुन्दर नगर बस्तीको रूपमा विकास गर्न फोहोर मैलाको व्यवस्थापन कार्यक्रम संचालनमा ल्याइनेछ ।

३. नगरपालिकाभित्र भविष्यमा आईपर्ने दैवी प्रकोपका घटनालाई न्यूनीकरणका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

**संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र :**

१. नगरपालिकाको कार्यालयमा अब दरबन्दी अनुसारको कर्मचारीहरू पूर्तिहुन लागेकोले नगरपालिका भित्र रहेका विषयगत शाखा, उपशाखाहरूमा कार्य जिम्मेवारीताका साथ काम गर्न कर्मचारीलाई जिम्मेवार बनाई नगरवासीलाई दिदै आएको सेवा प्रवाहलाई चुस्त दुरूत, छिटो र छरितो प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

२. नगरपालिका भित्रका नयाँ कर्मचारीहरूको कार्य क्षमताको विकास गरी कार्य सम्पादनको गुणस्तरमा अभिवृद्धि गर्न क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

३. नगरपालिका अन्तर्गतका सबै विषयगत लगायतका कर्मचारीहरूलाई काम प्रति जिम्मेवार बनाई जिम्मेवारी पूर्ण कार्य सम्पादन गर्न उत्कृष्ट कर्मचारीलाई पुरस्कृत र सम्मान गरिनेछ

४. नगरपालिका अन्तर्गत स्थापित वा कार्य क्षेत्र रहेका सरकारी तथा गैरसरकारी सामाजिक संघ संस्था उपभोक्ता समितिहरूले आफ्नो उद्देश्य अनुसार नगरपालिका आर्थिक सामाजिक विकासमा उल्लेखनीय कार्य गर्ने त्यस्ता संघ संस्थालाई पुरस्कृत गरिनेछ ।

५. नगरपालिकाको कृयाकलापलाई पारदर्शि जवावदेही र भित व्ययी बनाउन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण सार्वजनिक परिक्षण खर्च सार्वजनिकीकरण जस्ता विधि प्रकृयाबाट नगरवासी सबैमा सु-सुचित गरिने व्यवस्था मिलाईनेछ ।

६. निर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास एवं अनुभव अदान प्रदानको लागि राष्ट्रिय ⁄ अन्तर प्रदेशिय स्थान नगरपालिकाको भ्रमण तथा आवश्यक ज्ञान र शिप विकास गरिनेछ । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाको वित्तीय अधिकार क्षेत्र भित्र रहेका

आन्तरिक आय राजस्वहरूबाट नगरपालिकाको आन्तरिक आयमा वृद्धिका लागि तोकिएका राजस्व संकल्न संम्भावता सम्वार्ध क्षेत्रका दायरा आदीको अध्ययन अनुसन्धान गरिनेछ ।

**अध्यक्ष महोद्य,**

अब म आय व्ययको बजेट विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

लोहारपट्टी नगरपालिकाको गत आ.व. २०७५/०७६ को कुल यथार्थ बजेट रू.४८ करोड ११ लाख ६८ हजार ३९७ रहेको थियो । जसमध्ये यथार्थ व्यय चालु तर्फ रू.२५ करोड २ लाख १५ हजार २६७ र पुंजीगत तर्फ रू. १८ करोड ७४ लाख ८३ हजार ७२३ मात्र रहेको थियो ।

